मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन:-०४८-५४०११२

प.सं.:-०७९/८०
च.नं.:-

## सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना।

**(प्रथमपटक सूचना प्रकाशित मिति २०७९/०८/२३)**

मन्थली नगरपालिकाको कार्यालयका लागि देहायको पदमा खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा कर्मचारी पदपुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले देहाय बमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (दरखास्त दिने अन्तिम दिन २०७९/०९/०८ गते सार्वजनिक विदा परेमा विदा पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र कार्यालय समयमा तोकिएको ढाँचामा दरखास्त फारम भरी यस नगरपालिकाको कार्यालयमा पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**१.विज्ञापन नं., पद तथा आवश्यक न्यूनतम योग्यता :**

| क्र. सं. | विज्ञापन नं | पद | तह | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|---|
| १ | ८/०७९/८० | **Physiotherapist (फिजियोथेरापिस्ट)** | अधिकृत स्तर छैटौं | १ (एक) | मान्यताप्राप्त शैक्षिक संस्थाबाट फिजियोथेरापीमा स्नातक तह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता/नविकरण गरेको। | मन्थली अस्पताल |
| २ | ९/०७९/८० | **Dental hygienist (डेण्टल हाइजिनिस्ट)** | सहायक पाँचौं | १ (एक) | मान्यताप्राप्त शिक्षणसंस्थावाट डेण्टल डाइजिनिस्ट विषयमा प्रमाणपत्रतह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता/नविकरण गरेको। | मन्थली अस्पताल |
| ३ | १०/०७९/८० | **नायव प्राविधिक सहायक (कृषि)** | सहायक चौथो | १ (एक) | मान्यताप्राप्त शिक्षण संस्थाबाट SEE/SLC उत्तीर्ण गरी न्यूनतम १ वर्य अवधिको JTA (कृषि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई TSLC उत्तीर्ण। | मन्थली नगरपालिका |

**२. सम्लग्न गर्नु पर्ने कागजातहरु:**

(क) दरखास्त फारम (ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ग) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु (घ) मेडिकल काउन्सिलमा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि (क्रम संख्या १ र २ का लागि मात्र) (ङ) तालिम तथा अनुभवका कागजातहरु (च) राजश्व बुझाएको रसिद ।

**३. उमेर हद : दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको (महिलाको हकमा ४५ वर्षसम्म)।**

**४.दरखास्त फारमः** यस नगरपालिकाको वेभसाईट www.manthalimun.gov.np बाट डाउनलोड गरी वा यस कार्यालयको राजश्व उपशाखाबाट प्राप्त गर्न सकिनेछ ।

**५. दरखास्त दस्तुर :** अधिकृतस्तरको पदको हकमा रु.१२००/-, सहायक पाँचौं तहको पदको हकमा रु. ७००/- र सहायकस्तर चौथो तहको पदको हकमा रु.५००/- नगरपालिकाको राजश्व उपशाखामा नगदै बुझाइ वा यस कार्यालयको नाममा रहेको रा.वा.वैंक मन्थली शाखाको आन्तरिक राजश्व खाता (ग.१.१) १६८०१००३०१०१०००२ मा रकम जम्मा गरी सक्कलै रसिद पेस गर्नुपर्ने ।

**६. छनौटको किसिम :** छोटोसूचि प्रकाशन, प्रयोगात्मक परीक्षा एवं अन्तर्वार्ता ।

**७. परीक्षा मिति :** दरखास्त दिने अन्तिम मिति पश्चात नगरपालिकाको सूचनापाटी र वेभसाइटमा प्रकाशित गरिनेछ ।

**८. सेवा तथा सुविधा :** सम्बन्धित पदको लागि चालु आ.व. मा नेपाल सरकारले निर्धारण गरेको आधारभूत तलवमान ।

**९. करार अवधि :** २०८० असार मसान्त सम्म ।

**१०. प्राथमिकता :** माथिल्लो शैक्षिक योग्यता भएका, स्थानीय, महिला, दलित, जनजाति, कामको अनुभव भएका ।

***थप जानकारिका लागि मन्थली नगरपालिकाको कर्मचारी प्रशासन शाखा / मन्थली नगरपालिकाको Website र Facebook Page वा फोन नं ०४८-५४०५३२ मा हेर्न / सम्पर्क गर्न सकिनेछ ।***

पदपूर्ति समिति